# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट
३ नं प्रदेश नेपाल

प. सं. : २०७५।७६ (कृषि)
च. नं. वार्ड नं. १ देखि १३

मिति : २०७५/१२/२२

श्री ...... नं. वडा वडा कार्यालय
बेलकोटगढी नगरपालिका।

**विषय: भेन्टिलेटेड ग्रिनहाउस/ प्लास्टिक टनेल निर्माण सम्बन्धी सूचना पठाइएको बारे।**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको आ.व. ०७५/७६को वार्षिक स्वीकृत कृषि कार्यक्रम अनुसार भेन्टिलेटेड ग्रिनहाउस/ प्लास्टिक टनेल निर्माण सम्बन्धी कार्यक्रम संचालनको लागि प्रकाशित सूचना एक प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.............................
छबिलाल शर्मा
वागवानी विकास अधिकृत

# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट
३ नं प्रदेश नेपाल

प. सं. : २०७५।७६
च. नं. १०५

मिति : २०७५/१२/२२

सूचना ! सूचना !! सूचना !!!

**विषय: भेन्टिलेटेड ग्रीनहाउस / प्लास्टिक टनेल निर्माण सम्बन्धमा ।**

यस नगरपालिकाको आ.व. ०७५/७६ को वार्षिक स्विकृत कृषि कार्यक्रम अनुसार भेन्टिलेटेड ग्रिन हाउस/ प्लास्टिक टनेल (प्रति ग्रिन हाउस २५० व.मि. क्षेत्रफलमा थोपा सिंचाई, नेट, जाली, मल्चिंग ९० GSM प्लास्टिक, जि. आई. पाइपको खम्बा/ फोगर, र इलेक्ट्रिक मोटर सहित) १३ वटै वडाहरुमा (कुनै वडाबाट माग नभएमा वा प्रस्ताव अस्वीकृत भएमा अर्को वडामा दिन सकिने) एक एक वटाका दरले १३ वटा (प्रति भेन्टिलेटेड ग्रिन हाउस निर्माणको लागि बढीमा रु २,६१,५००/- कन्टेनजेन्सी सहितको अनुदान) निर्माणको लागि यस न.पा. भित्रका इच्छुक कृषि फर्म/ कृषि समूह/ कृषि सहकारीहरूले तपसील वमोजिमका कागजातहरु संलग्न राखी यहि मिति २०७६/०१/०८ गते भित्र यस कार्यालयको आर्थिक विकास शाखामा (कृषि शाखा) निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसील:

१. कृषि समूह/ कृषि सहकारीले भेन्टिलेटेड ग्रिन हाउस/प्लास्टिक टनेल प्रस्ताव माग गरेको निर्णयको प्रतिलिपि
२. आवेदक कानुन वमोजिम दर्ता भएको कृषि फर्म / कृषि समूह / कृषि सहकारीहरुको दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. भेन्टिलेटेड ग्रिन हाउस/ प्लास्टिक टनेलको हकमा भौगोलिक क्षेत्र र बालीको आधारमा उपयुक्त डिजाइन, ले आउट तथा लागत इस्टमेट आधिकारिक सप्लायर्सबाट पेश गर्नु पर्ने छ। यसका साथै आपूर्ति कर्ताले एक बर्ष सम्म मर्मत सम्भार र प्राविधिक सेवा प्रदान गर्ने प्रतिवद्वता पत्र समेत पेश गर्नु पर्ने छ।
४. ग्रिन हाउस/ प्लास्टिक टनेल निर्माणको लागि अंश व्यहोर्न सक्ने क्षमता भएको हुनु पर्नेछ।
५. आ.व. ०७४/७५ को अडिट रिपोर्टको प्रतिलिपि
६. आ.व. ०७४/७५ को कर चुक्ता प्रमाण पत्र / रसिदको प्रतिलिपि
७. स्थायी लेखा (VAT/PAN) नं. प्रमाण पत्रको प्रतिलिपि
८. न.पा.मा दर्ता /नवीकरण (०७५/७६) प्रमाण पत्र/ रसिदको प्रतिलिपि
९. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
१०. ग्रिन हाउस / प्लास्टिक टनेल निर्माणको हकमा आवेदकको आफ्नै स्वामित्वमा प्रस्तावित पूर्वाधार निर्माण गर्नको लागि पर्याप्त जमिन भएको र उक्त जग्गाको लाल पुर्जाको प्रतिलिपि
११. आफ्नो स्वामित्व जमिन नभएको खण्डमा (जि.आई. पाइपको घर निर्माण ) नियमानुसार कानुन व्यवसायीले प्रचलित कानुन अनुसार तयार पारेको कम्तिमा १५ बर्षको जमिन लिजमा लिएको करारनामा र सो जग्गाको प्रतिलिपि
१२. ग्रिनहाउस / प्लास्टिक टनेल निर्माण गर्ने प्रतावित जमिनको रंगिन फोटो पेश गर्नु पर्ने छ।
१३. रु १० को टिकट टाँसको निवेदन
१४. नेपालि नागरिकताको (स्वयं प्रमाणित) प्रतिलिपि
१५. प्रस्त्वावित योजनाको कार्य योजना पेश गर्नु पर्ने छ।

छबिलाल शर्मा
वागवानी विकास अधिकृत